

# ११ युद्धदेखि विजयसम्म

*यस अध्यायका मूल पदहरू:* एफिसी ६:१२, दानिएल १०, एज्रा ४:१-५, यहोशू ५:१३-१५, प्रकाश १:१२-१८, कलस्सी २:१५ र रोमी ८:३७-३९।

*यस अध्यायको मूल सार पद:* **"तिनले भने, "उच्च सम्मान गरिएका हे परमेश्वरका प्रिय मानिस, नडराऊ। तिमीलाई शान्ति होस्, अब तिमी बलियो होऊ, हो, बलियो होऊ।" (दानिएल १०:१९)।**

दानिएल ११ र १२ अध्यायमा दानिएललाई देखाइएको स्वप्नदर्शनको निष्कर्षलाई दानिएल १०मा प्रस्तुत गरिएको छ। दर्शनको बारेमा स्वर्गदूत दर्शनद्वारा दानिएलकहाँ आएका थियए तब उनको हृदयमा अत्यन्तै ठूलो द्वन्द्व (दानिएल १०:१) मच्चिएको थियो र उनी थुरथुर कामेका थिए। दर्शन आफै पनि ठूलो द्वन्द्वको बारेमा थियो। त्यस द्वन्द्वको विस्तृत विवरण दानिएल ११मा दिइएतापनि दानिएल १०ले त्यस द्वन्द्वको अध्यात्मिक पक्षलाई देखाउँछ। यस पृथ्वीमा भइरहेको युद्ध तथा आतङ्कहरूको पर्दा पछाडि सारा जगतमा भइरहेको आत्मिक संघर्ष वा द्वन्द्व चलिरहेको दानिएल १०ले देखाउँछ। जब हामी प्रार्थना गर्छौं त्यसबेला हामी पनि जगतमा भइरहेको परमेश्वर र शैतानको बीचमा भइरहेको द्वन्द्वमा सहभागि हुनपुग्छौं। हाम्रो प्रार्थनाले त्यस संघर्षमा कसरी प्रभाव पारिरहेको हुन्छ भनेर हामी यस अध्यायमा अध्ययन गर्नेछौं। तर यो पनि थाहा पाउनु जरुरी छ कि यस संसारमा हामीले सामना गरिरहेका अनेकौं संघर्षमा हामीमात्र एक्ला छैनौं। हाम्रो निम्ति येशू आफै पनि शैतानसँग युद्ध गरिरहनुभएको छ। हाम्रो युद्ध, मनमुटाव, झगडा आदि पृथ्वीका कुनै मानिस वा तत्वसँग होइन तर अन्धकारका शक्तिहरूसँग हो भनेर हामीले सिक्नेछौं।

यस कथनलाई पुष्टि गर्न प्रेरित पावलले दानिएल आएको सयौं वर्षपछि भनेका थिए "१२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन (अर्थात कुनै मानिससँग होइन), तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टचाइँका आत्मिक सेनाहरूका विरुद्ध हो।" ( एफिसी ६:१२ रूपान्तरित)। आखिरमा आएर कुनै पनि संघर्ष वा युद्धको सफलता येशूमा नै निर्भर रहन्छ जो एक्लैले शैतानलाई क्रुसमा हराउनुभएको थियो।

## १. फेरि पनि उपवाश र प्रार्थना

**दानिएल १०:१-३मा दानिएलले फेरि के गरिरहेको हामी पाउँछौं? हेर्नुहोस्: "१ फारसका राजा कोरेसको तेस्रो वर्षमा दानिएललाई (जसलाई बेलतसजर भनिन्थ्यो) एउटा दर्शन दिइयो। यस दर्शनको सन्देश सत्य थियो र यो एक ठूलो लड़ाइँको बारेमा थियो। त्यस सन्देशको अर्थ तिनलाई दर्शनमा प्राप्त भएको थियो। २ त्यस बेला म, दानिएल, तीन हप्तासम्म शोक गर्दैरहें। ३ मैले कुनै मीठो खाना खाइनँ, न मासु न दाखमद्य मेरो मुखमा पऱ्यो, र तीन हप्ता नबितेसम्म मैले कुनै पनि किसिमको तेल घसिनँ।"**

त्यो लामो समयसम्म दानिएलले शोक गर्नुपरेको कारण ठोकुवा गरेर भनिएको छैन। तब बेबिलोनबाट पालेस्टाइनमा भर्खर फर्केका यहूदीहरूको अवस्थालाई मध्यनजरमा राखेर दानिएलले भावविभोर भएर प्रार्थना गरेको हुनुपर्छ।

**एज्रा ४:१-५ पढ्नुहोस्। जब यहूदीहरू आफ्नो मातृभुमिमा फर्के तब तिनीहरूले के चुनौतिको सामना गर्नुपरेको थियो? हेर्नुहोस्: "१ कैदबाट फर्केर आएकाहरूले परमप्रभु इस्राएलका परमेश्वरको मन्दिर बनाउँदैछन् भन्ने कुरा जब यहूदा र बेन्यामीनका शत्रुहरूले सुने, २ उनीहरू यरुबाबेल, येशूअ, र परिवारका मुख्य मानिसहरूकहाँ आएर यसो भने, "हामीलाई पनि तपाईंसँग भवन निर्माण गर्न दिनुहोस्, किनभने हामी पनि तपाईंहरूझैं तपाईंहरूका परमेश्वरको खोजी गर्दछौं, र हामीलाई यहाँ ल्याउने अश्शूरका राजा एसरहदोनको पालोदेखि नै हामी उहाँलाई नै बलिदान चढ़ाउँदैआएका छौं।"**

**३ तर यरुबाबेल, येशूअ, र इस्राएलका बाँकी रहेका परिवारका मुखियाहरूले उनीहरूलाई यसो भने, "यो भवन, जो हामी हाम्रा परमेश्वरको निम्ति निर्माण गरिरहेका छौं, त्यसमा तिमीहरूको केही सम्बन्ध छैन। फारसका**

**महाराजा कोरेसले हामीलाई आज्ञा गर्नुभएझैं हाम्रा परमप्रभु इस्राएलका परमेश्‍वरको निम्ति यो भवन हामी मात्र निर्माण गर्नेछौं।" ४ तब त्यस देशका मानिसहरूले यहूदीहरूको मन निराश गराउन र त्यो भवन निर्माण गर्ने काम बिथोल्न त्रास हाल्ने काम सुरु गरे। ५ तिनीहरूको अभिप्रायलाई नाश गर्न उनीहरूले तिनीहरूको विरुद्धमा काम गर्न सल्लाहकारहरूलाई भाड़ामा लिए। फारसका राजा कोरेसको शासनकालभरि र दाराको शासनकालसम्म यस्तो काम चली नै रह्यो।"**

जब यहूदीहरू निर्वासनबाट यरुशलेममा फर्के तब मन्दिरको पुननिर्माण गर्ने काममा लागेका थिए। तर तिनीहरूले शत्रुहरूबाट ठूलो बिरोधको सामना गर्नुपरेको थियो भनेर माथिका पदहरूले बताउँछ। सामरीहरूले पर्सियाको राजाकहाँ झुठो विवरण पठाएका थिए। यहूदीहरूले गरेका कामलाई रोक्न राजालाई ती सामरीहरूले जोडदार अनुरोध गरेका थिए (सामरीहरू आधा यहूदी र आधा अन्य जातिहरू हुन्। सुरूमा तिनीहरू यहूदी भएतापनि असेरियाका मानिसहरूसँग बिहेबारी गरेर नयाँ जातिको जन्म भएको थियो। तिनीहरूको आफ्नै तोराह र धार्मिक विधिहरू छन् जुन इस्राएलका यहूदीहरूसँग मिल्दैन। तिनीहरूको पूजा गर्ने मन्दिर अर्कै ठाउँमा थियो। येशूको समय आउँदा सम्म यहूदी र सामरीहरूको बीचमा लेनदेन वा पानी चल्दैनथ्यो। तर येशूले सामरी र यहूदीहरूको बीचमा भएको पूर्वाग्रहको पर्खाल भत्काउनुभएको थियो-अनुवादकको थप टिप्पणी)।

सामरीहरूले मन्दिरको पुननिर्माण गर्ने काम रोकेको समाचार सुन्दा दानिएलले तीन हप्तासम्म परमेश्‍वरले साइरस वा कोरेश राजालाई प्रभाव पार्नुभएर कामले निरन्तरता पाओस् भनेर उहाँसँग बिन्तिप्रार्थना गरेका थिए।

यो समयसम्म आइपुग्दा दानिएल सायद ९० वर्ष पुग्न लागेको हुनुपर्छ। उनले आफ्नो बारेमा सोच्दैनन्। उनका जनहरूले सामना गरिरहेका शङ्कट र तिनीहरूको निम्ति दानिएल चिन्ता गर्दछन्। परमेश्‍वरबाट उनको प्रार्थनाको कुनै जवाफ पाउन उनी तिन हप्तासम्म जोडदार निरन्तररूपमा प्रार्थना गर्दछन्। यस अवधिमा अगमवक्ता धेरै हल्का वा सादा खाना खान्छन्। आफूलाई मनपर्ने खाना खाँदैनन् र तेल पनि लगाउँदैनन्। आफ्नो देखावटी र सुविधाको बारेमा उनी अलिकति पनि वास्ता गर्दैनन् तर हजारौं किलोमिटर टाढा यरुशलेममा रहेका आफ्ना यहूदी जनहरूको हितको निम्ति उनी चिन्ता लिन्छन्।

जब हामी दानिएलको प्रार्थनाको जीवन हेर्छौं तब केही मूल्यवान पाठहरू हामी सिक्न सक्दछौं। पहिलो त, हाम्रो प्रार्थनाको जवाफ तुरुन्तै नआएतापनि हामीले परमेश्वरसँग निरन्तररूपमा बिन्ति चढाइरहनुपर्छ। दोस्रोमा अरूकोलागि हामीले प्रार्थना गर्ने समय छुटयाउनुपर्दछ। अरूको निम्ति प्रार्थना गर्दा केही बिशेष कुरा हामीले थाहा पाउनुपर्छ। जब अय्यूबले उनका साथीहरूको निम्ति प्रार्थना गरे तब अय्यूबले गुमाएका थोकहरूलाई परमेश्वरले पुनस्थापित गर्नुभएको थियो (अय्यूब ४२:१०)। तेस्रोमा जब परमेश्वरका जनहरूले प्रार्थना गर्छन् तब उहाँले केही ठोस कदम वास्तविक रूपमा चाल्न अग्रसर गराउँनुहुन्छ। त्यसकारण हामी सबै खालका प्रार्थनाहरू सधैं गरौं। जब हामीमा सहनै नसक्ने दुःखकष्ट आउँछ, ठूलो समस्याहरू आउँछ र हामीले थाम्नै नसक्ने गरेर चुनौति तथा शङ्कटहरू आउँछन् तब हामीहरूका बोझहरू परमेश्वरकहाँ प्रार्थनाद्वारा निरन्तररूपमा लैजान सिकौं। (यस मामिलामा पावल भन्दछन् "सारा प्रार्थना र निवेदनसाथ सबै समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।" एफिसी ६:१८) –याद गर्नुहोस् आफ्नो निम्तिमात्र प्रार्थना गर भनिएको छैन)।

**प्रार्थना भनेको वस्तुगत अनुभव हो जसले केही गर्न परमेश्वरमा अग्रसर गराउँछ। प्रार्थना गर्दा व्यक्तिगतरूपमा हामी असल वा धर्मात्मा हौं भनेर आफूलाई धाप पाउन होइन न त परमेश्वरको बारेमा असल ज्ञान पाएकोमा हामी खुशी हुन हो। हेर्नुहोस, "७ म, दानिएलले मात्र त्यो दर्शन देखें। मसँग भएका मानिसहरूले त्यो देखेनन्, तर तिनीहरूलाई यति डर आयो कि तिनीहरू भागे र आफै लुके। ८ यसकारण म त्यस महान् दर्शन हेर्दैरहेको अवस्थामा एकलै छोड़िएँ। ममा कुनै बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेंलो भयो र म असहाय भएँ। ९ तब तिनले बोलेका मैले सुनें र जसै मैले तिनको कुरा सुनें, म जमिनमा घोप्टो परेर मस्त निद्रामा परें। १० एउटा हातले मलाई छोयो र म डरले कामेकै अवस्थामा मेरा हात र घुँड़ामा उभिन लगायो। ११ तिनले भने, 'दानिएल, तिमी जो अति नै सम्मान गरिएका छौ, मैले तिमीलाई भन्न लागेका वचनहरूमा राम्रोसँग विचार गर, र खड़ा होऊ, किनभने म तिमीकहाँ पठाइएको छु।७ म, दानिएलले मात्र त्यो दर्शन देखें। मसँग भएका मानिसहरूले त्यो देखेनन्, तर तिनीहरूलाई यति डर आयो कि तिनीहरू भागे र आफै लुके। ८ यसकारण म त्यस महान् दर्शन हेर्दैरहेको अवस्थामा एकलै छोड़िएँ। ममा कुनै**

बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेँलो भयो र म असहाय भएँ। ९ तब तिनले बोलेका मैले सुनें र जसै मैले तिनको कुरा सुनें, म जमिनमा घोप्टो परेर मस्त निद्रामा परें। १० एउटा हातले मलाई छोयो र म डरले कामेकै अवस्थामा मेरा हात र घुँडामा उभिन लगायो। ११ तिनले भने, 'दानिएल, तिमी जो अति नै सम्मान गरिएका छौ, मैले तिमीलाई भन्न लागेका वचनहरूमा राम्रोसँग विचार गर, र खड़ा होऊ, किनभने म तिमीकहाँ पठाइएको छु।' जब तिनले यो मलाई भने, म डरले थरथर काम्दै उभिएँ। १२ तिनले भन्दैगए, 'नडराऊ दानिएल, तिमीले आफ्नो मन समझतिर लगाएको र तिम्रा परमेश्वरको सामु आफैलाई नम्र तुल्याएको पहिलो दिनदेखि नै तिम्रा शब्दहरूको सुनुवाइ भएको थियो, र म तिनकै प्रतिउत्तरमा आएको छु।'" (दानिएल १०:७-१२)।

## २. राजकुमारको दर्शन

दानिएल १०:४-९ अनुसार यहाँ दानिएललाई के हुन्छ? हेर्नुहोस् "४ पहिलो महिनाको चौबीसौं दिनमा ठूलो नदी टाइग्रिसको किनारमा जसै म उभिरहेको थिएँ, ५ मैले माथि हेरें र मेरो अगि कम्मरमा अति राम्रो सुनको पेटी बाँधी सूतीको लुगा लगाएका एक जना मानिसलाई देखें। ६ तिनको शरीर पीतमणिजस्तै चहकिलो थियो, तिनको अनुहार बिजुलीझैं चम्कन्थ्यो, तिनका आँखा राँकोझैं बलिरहेका थिए। तिनका हात र खुट्टाहरू टल्काइएको काँसोजस्तै र तिनको स्वर ठूलो भीड़को स्वरझैं थिए। ७ म, दानिएलले मात्र त्यो दर्शन देखें। मसँग भएका मानिसहरूले त्यो देखेनन्, तर तिनीहरूलाई यति डर आयो कि तिनीहरू भागे र आफै लुके। ८ यसकारण म त्यस महान् दर्शन हेर्दैरहेको अवस्थामा एकलै छोड़िएँ। ममा कुनै बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेँलो भयो र म असहाय भएँ। ९ तब तिनले बोलेका मैले सुनें र जसै मैले तिनको कुरा सुनें, म जमिनमा घोप्टो परेर मस्त निद्रामा परें।"

जब दानिएलले उनको अनुभव बताउँछन् तब उनले देखेको अलौकिक जीवको तेजस्वीमय रूप कस्तो थियो सो हामी कल्पना नै गर्न सक्दैनौं। त्यो जीवको अनुहार मानिसको (दानिएल १०:५,६) भन्दा स्वर्गमा बसेको अदालतमा (दानिएल ७:१३) आउनुभएको "मानिसको पुत्र"को याद दिलाउँने खालको थियो जुन दानिएलले स्वप्नदर्शनमा देखेका थिए। उहाँको सुतिको कपडाले उनलाई पुजारीले लगाएको वस्त्रको याद दिलाउँछ (लेबी ७:१३)। त्यो जीवको व्यक्तित्वको पक्षले उनी दानिएल ८मा उल्लेख गरिएको दानिएलले

देखेका स्वप्नदर्शनमा वर्णन गरेको राजकुमारहरूको राजकुमार (दानिएल ८)लाई चित्रण गर्दछ जो स्वर्गको पवित्र मन्दिरसँग सम्बधित थियो। सुन पुजारीले लाउने पोशाकमा सजिएको उनको गौरबको प्रतीक थियो। यसले उनले राजकीय सम्मान पाएको देखाउँथ्यो। अन्तमा त्यस जीवको आकार बिजुली चम्के जस्तो, आगो, काँशको चमक जस्तो भयो भने उनको शक्तिशाली स्वरले उनी अलौकिक जीव थिए भन्ने देखाएको थियो। ती व्यक्तिमा पुजारीको अधिकार दिइएको थियो, उनमा राजकीय छाँट थियो र उनमा सेनामा हुने गुणहरू थिए। यही खालको जीवसँग यहोशूले पनि सामना गरेका थिए। यरिहो सहरमा आक्रमण गर्नुभन्दा ठिक अघि यहोशूकहाँ अलौकिक जीव देखापरेका थिए (यहोशू ५:१३,१४)। आफ्नो दर्शनमा यहोशूले "परमेश्वरका सेनाहरूको सेनापति" देखेका थिए। हिब्रू भाषामा सेनापति (सार *sar* ) भन्ने शब्दलाई "राजकुमार" भनेर दानिएल १०:२१मा सम्बोधन गरिएको छ। उनको नाउँ मिखाएल भनिएको छ। तुलनात्मक रूपमा दानिएल र यूहन्नाले देखेका जीव एउटै भएको देखाउँछ। यूहन्नाले पुनरुत्थान हुनुभएको येशूलाई साबथ दिनमा दर्शनमा देखेका थिए।

**दानिएलले दानिएल १०मा उल्लेख गरेका परमेश्वरको पुत्रको चित्रण यहोशू र प्रकाशको पुस्तकमा वर्णन गरे झैं कसरी मिल्छ? हेर्नुहोस् यहोशू ५:१३-१५ "१३ यहोशू यरीहोको नजिक हुँदा तिनले आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामुन्ने हातमा नाङ्गो तरवार लिएका एक जना मानिस उभिरहेका रहेछन्। यहोशू उनीकहाँ गएर, "तपाईं हामीपट्टि हुनुहुन्छ कि हाम्रा शत्रु हुनुहुन्छ?" भनेर सोधे। १४ अनि उनले भने, "होइन, तर परमप्रभुको फौजको कप्तान भएर म यहाँ आएको हुँ।" तब यहोशूले जमिनमा घोप्टो परेर दण्डवत् गरे, र उनलाई भने, "मेरा प्रभु, आफ्नो दासलाई के भन्नुहुन्छ?" १५ अनि परमप्रभुका फौजका कप्तानले यहोशूलाई भने, "तिम्रा खुट्टाबाट जुत्ता फुकाल्, किनकि तिमी उभिएको ठाउँ पवित्र छ।" अनि यहोशूले त्यसै गरे।" र प्रकाश १:१२-१८ "१२ मसँग बोल्नेलाई हेरौं भनेर म पछि फर्के। फर्केर हेर्दा सात वटा सुनका सामदान १३ र सामदानहरूका माझमा मानिसको पुत्रजस्तै पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा फित्ता लाउनुभएको एक जनालाई मैले देखें। १४ उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तै सेता, र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए। १५ उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका काँसाजस्ता थिए, र उहाँको सोरचाहिँ उर्लिंदो पानीहरूको**

आवाजजस्तै थियो। १६ उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो, र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो। उहाँको मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो। १७ जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य १८ र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्।" (प्रकाश १:१२-१८)।

दानिएलका अनुसार जब उनले अलौकिक जीव देखे उनीसँग भएका मानिसहरू डरले भागाभाग भएका थिए र दानिएल आफै पनि कमजोर र सिथिल भएर जमीनमा पछारिन्छन्। परमेश्वरको उपस्थितिको अनुभव उनको निम्ति अति भयावह भएको थियो। तर जे भएपनि तत्कालै उनको डरसँगै उनको दर्शनले यो देखाइएको थियो कि जगतको इतिहासको नियन्त्रण परमेश्वरको हातमा छ। जब दानिएलले देखेको दर्शनको पर्दा उघारिन्छ तब उनको समयदेखि परमेश्वरको राज्यको स्थापना नहुञ्जेलको मानव इतिहासको विवरण उनलाई परमेश्वरले उपलब्ध गराउनुभएको थियो (दानिएल ११,१२)।

मानव जीवनको इतिहास परमेश्वरको नियन्त्रणमा छ भनेर दानिएलले बारम्बार सिक्न पाएका थिए। त्यसैले हाम्रै व्यक्तिगत जीवनमा पनि उहाँले सवैथोक गर्नसक्नुहुन्छ भनेर हामी कसरी विश्वस्त हुने?

## ३. स्वर्गदूतले दानिएललाई छुन्छन्

प्रत्येक पल्ट जब स्वर्गदूतले दानिएललाई छुन्छन् तब उनलाई के हुन्छ? हेर्नुहोस्, दानिएल १०:१०-१९ "१० एउटा हातले मलाई छोयो र म डरले कामेकै अवस्थामा मेरा हात र घुँड़ामा उभिन लगायो। ११ तिनले भने, "दानिएल, तिमी जो अति नै सम्मान गरिएका छौ, मैले तिमीलाई भन्न लागेका वचनहरूमा राम्रोसँग विचार गर, र खड़ा होऊ, किनभने म तिमीकहाँ पठाइएको छु।" जब तिनले यो मलाई भने, म डरले थरथर काम्दै उभिएँ। १२ तिनले भन्दैगए, "नडराऊ दानिएल, तिमीले आफ्नो मन समझतिर लगाएको र तिम्रा परमेश्वरको सामु आफैलाई नम्र तुल्याएको पहिलो दिनदेखि नै तिम्रा शब्दहरूको सुनुवाइ भएको थियो, र म तिनकै प्रतिउत्तरमा आएको छु। १३ तर फारस राज्यका राजकुमारले मलाई एक्काईस दिनसम्म विरोध गरे। तब प्रधान

**राजकुमारहरूमध्ये एक जना मिखाएल मलाई मदत गर्न आए, किनभने फारसको राजासँग म त्यहीं रोकिएँ। १४ अब म भविष्यमा तिम्रा मानिसहरूलाई के हुनेछ भन्ने कुरा बुझाउन तिमीकहाँ आएको छु, किनभने दर्शनचाहिँ पछि हुने कुरासँग सम्बन्धित छ।" १५ तिनले मलाई यसो भन्दैगर्दा मैले आफ्नो शिर निहुराएँ र लाटो भएँ। १६ अनि मानिसजस्तै देखिने एक जनाले मेरो ओठ छोए, र मैले आफ्नो मुख खोलेर बोल्न लागें। मेरो सामु उभिएकालाई मैले भनें, "मेरा प्रभु, दर्शनको कारणले गर्दा म वेदनाग्रस्त र असहाय भएको छु। १७ म, हजूरको सेवक, कसरी हजूरसँग कुरा गर्न सक्छु र, मेरा प्रभु? मेरो ताकत गइसकेको छ र सास फेर्न पनि मुश्किल परेको छ।" १८ फेरि ती मानिसजस्तो देखिने व्यक्तिले मलाई छोएर ताकत दिए। १९ तिनले भने, "उच्च सम्मान गरिएका हे मानिस, नडराऊ। तिमीलाई शान्ति होस्, अब तिमी बलिया होऊ, बलिया होऊ।" जब तिनी मसँग बोले, मैले बल पाएँ र भनें, "मेरा प्रभु, बोल्नुहोस्, किनभने हजूरले मलाई बल दिनुभएको छ।"**

दिव्य चहकिलो ज्योतिको चमकले दानिएल मूर्छित हुँदै जमीनमा लोट्छन्। अनि एउटा स्वर्गदूत उनीकहाँ देखा पर्छन् र उनलाई छुन्छन् र सान्त्वना दिन्छन्। दानिएललाई त्यस स्वर्गदूतले तीन पटक छोएका थिए।

जब स्वर्गदूतले पहिलोपल्ट दानिएललाई छुन्छन् तब उनी उभिन सक्ने भएका थिए र स्वर्गबाट आएको सान्त्वनाका शब्दहरू उनीबाट सुन्न पाएका थिएः "नडराऊ दानिएल, तिमीले आफ्नो मन समझतिर लगाएको र तिम्रा परमेश्वरको सामु आफैलाई नम्र तुल्याएको पहिलो दिनदेखि नै तिम्रा शब्दहरूको सुनुवाइ भएको थियो, र म तिनकै प्रतिउत्तरमा आएको छु।" (दानिएल १०:१२)। दानिएलको प्रार्थनाले स्वर्ग हल्लिएको थियो। यो क्रियाकलापले हाम्रा प्रार्थनाहरू परमेश्वरले सुन्नुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुन सक्छौं। अनेकौं कष्ट, संकष्ट र पीडा भोगिरहेको समयमा यो हाम्रो निम्ति ठूलो सान्त्वना हो।

जब स्वर्गदूतले दानिएललाई दोस्रो पल्ट छुन्छन् तब उनी बोल्न सक्ने भएका थिए। आफ्नो डर र छटपटिएको भावनालाई परमेश्वरको सामु उनी व्यक्त गर्दछन्ः "१६ अनि मानिसजस्तै देखिने एक जनाले मेरो ओठ छोए, र मैले आफ्नो मुख खोलेर बोल्न लागें। मेरो सामु उभिएकालाई मैले भनें, "मेरा प्रभु, दर्शनको कारणले गर्दा म वेदनाग्रस्त र असहाय भएको छु। १७ म, हजूरको सेवक, कसरी हजूरसँग कुरा गर्न सक्छु र, मेरा प्रभु? मेरो ताकत

गइसकेको छ र सास फेर्न पनि मुश्किल परेको छ।" (दानिएल १०:१६-१७)। त्यसकारण परमेश्वर हामीसँग बोल्नुमात्र हुन्न हामीले पनि हाम्रो मुख खोलोस् र हाम्रा भावनाहरू, आवश्यताहरू र चाहनाहरू उहाँलाई व्यक्त गरोस् भनि उहाँ चाहनुहुन्छ।

जब स्वर्ददूतले दानिएललाई तेस्रो पल्ट छुन्छन् तब उनलाई तागत आउँदछ। आफ्नो कमजोर, असहाय र अभावको महसुस जब दानिएललाई थाहा हुन्छ तब स्वर्गदूतले उनलाई छुन्छन् र स्वर्गदूतले परमेश्वरको शान्तिको वचनहरू दिएर उनलाई सान्त्वना दिँदछन्: " "उच्च सम्मान गरिएका हे मानिस, नडराऊ। तिमीलाई शान्ति होस्, अब तिमी बलिया होऊ, बलिया होऊ।" जब तिनी मसँग बोले, मैले बल पाएँ र भनें, "मेरा प्रभु, बोल्नुहोस्, किनभने हजूरले मलाई बल दिनुभएको छ।" (दानिएल १०:१९)।यसलाई हामीले दानिएलको प्रार्थनाको जवाफ दिन परमेश्वरले उनीकहाँ स्वर्गदूत पठाइएको कुरा सम्झिनुपर्छ। उनलाई चाहिने दिव्यज्ञान र समझशक्ति दिन स्वर्गदूतलाई खटाइएको थियो। बर्तमान यरुशलेमको बारेमा शोक व्यक्तगर्दै ध्यान दिइरहेका दानिएललाई साहस दिने उद्देश्य स्वर्गदूतको थियो। अध्याय ११मा दानिएलले देख्ने दर्शन बुझ्न उनलाई ज्ञान र समझशक्ति चाहिएको थियो। जब परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने कष्टको बेलामा पनि हामीमा शान्ति हुनसक्दछ। र हामी उहाँको प्रिय स्पर्सले भविष्यको आशातिर लम्किरहन सक्छौं।

**"हाम्रो दैनिक साधारण जीवनको बाटोमा हिँडिरहन हाम्रो निम्ति स्वर्ग धेरै नजिक हुनसक्छ"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ४८बाट रूपान्तरित। स्वर्ग र पृथ्वी कति नजिक छ भन्ने कुरालाई तपाईंले बारम्बार सम्झिरहनुभएको छ? यदि यो सत्यलाई तपाईंको हृदय र दिमागमा राखि छोड्नुभयो भने तपाईंको जीवन कसरी फरक हुनेछ होला?**

## ४. महान् अन्तर्द्वन्द्व वा संघर्ष

**दानिएललाई दानिएल १०:२०,२१मा के प्रकट गरिएको थियो? हेर्नुहोस्, "२० यसकारण तिनले भने, "म तिमीकहाँ किन आएको छु, तिमीलाई थाहा छ? फारसका राजकुमारको विरुद्ध लड्नलाई म छिटै फर्कनेछु, र जब म जान्छु, ग्रीसका राजकुमार आउनेछन्। २१ तर सत्यको पुस्तकमा के लेखिएको**

**छ, पहिले म तिमीलाई बताउनेछु। तिम्रा राजकुमार मिखाएलले बाहेक अरू कसैले पनि तिनीहरूका विरुद्धमा लड्न मलाई मदत गर्दैनन्।"**

स्वर्गबाट पठाइएको स्वर्गदूतले पर्दा खोल्दछन् र जगतव्यापी युद्धको प्रभावले मानव इतिहासमा भइरहेका दृश्यहरू दानिएललाई प्रकट गर्दछन्। अर्थात्, मानव इतिहासमा जे भइरहेको छ त्यसलाई असर पार्न परमेश्वर र शैतानको बीचमा भइरहेको युद्धले भूमिका खेलिरहेको हुन्छ। दानिएलले प्रार्थना गर्ने बित्तिक्कै स्वर्ग र पृथ्वीको बीचमा आत्मिक लडाइँ सुरू हुन्छ। यरुशलेम मन्दिरको पुननिर्माण गर्न स्वर्गका जीवहरू पर्सिया वा फारसको राजासँग संघर्ष गर्न सुरू गर्छन्। दानिएल अध्याय १०को सुरूमा उल्लेख गरे अनुसार फारसको राजा साइरस वा कोरेश हो भन्ने कुरा हामीलाई थाहा छ। स्वर्गका जीवसँग उल्लेखनीयरूपमा मुकाबिला गर्न मानव राजालेमात्र सक्दैनन्। त्यसको अर्थ यहूदीहरूले मन्दिरको पुननिर्माण कार्य रोक्न राजा कोरेश वा साइरसको पछाडि आत्मिक शक्ति लागिरहेको थियो भनेर देखाउँछन्।

त्यही खालको परिस्थिति इजकिएल २८मा उल्लेख गरिएको छ। त्यसमा शैतानलाई टाएर वा टुरोसको राजा भनेर सम्बोधन गरिएको छ। अर्थात् त्यस सहरको मानव राजाको पछाडि शैतानको आत्मिक शक्ति लागेको थियो। त्यसकारण फारसको राजासँग मिखाएल लड्न आउने भनेको उहाँले गर्ने युद्धमा शैतान र उसका दूतहरू समावेश भएका थिए भन्दा आश्चर्य मान्नु हुदैन। जब यरुशलेम मन्दिरको पुननिर्माणको बिरोधमा मानिसहरू लागेका थिए तब त्यसैबेला आत्मिक जगतमा पनि युद्ध भइरहेको थियो।

**दानिएल १०:१३ पढ्नुहोस्। त्यहाँ कस्तो खालको युद्ध भइरहेको उल्लेख गरिएको छ? हेर्नुहोस् "फारस राज्यका राजकुमारले मलाई एक्काईस दिनसम्म विरोध गरे। तब प्रधान राजकुमारहरूमध्ये एक जना मिखाएल मलाई मदत गर्न आए, किनभने फारसको राजासँग म त्यहीं रोकिएँ।"**

"जब मिडपर्सिया वा माडी फारस राज्यको उच्च शक्तिशाली अधिकारीहरूलाई परमेश्वरका जनहरूको बिरुद्धमा लाग्न शैतानले उक्साउन प्रभाव पारिरहेको थियो तब त्यसबेला निर्वासनबाट फर्केर आएका यहूदीहरूको पक्षमा स्वर्गदूतहरूले काम गरिरहेका थिए। असल र खराबका शक्तिहरूको बीचमा भइरहेको चर्को संघर्षको झलक अगमवक्ता दानिएलमार्फत हामीलाई देखाइएको छ। स्वर्गदूत गाब्रिएल तिन हप्तासम्म अन्धकारका शक्तिहरूसँग कुस्ताकुस्ती गरिरहेका थिए। परमेश्वरका जनहरूको विरुद्धमा जान राजा

कोरेशले आफ्नो दिमाग खेलाइरहेको बेलामा त्यसो नगर्न गाब्रिएलले प्रभाव पार्न खोजिरहेका थिए। अनि परमेश्वरका जनहरूको विरुद्ध कोरेशको दिमागमा चढिरहेको चाल र गाब्रिएलले त्यसो नगरोस् भनेर प्रतिस्पर्धाको चाल चलिरहेको बेलामा ख्रीष्ट आफै गाब्रिएलको मद्दतको निम्ति आउनुहुन्छ। 'यो फारसका राज्यको राजकुमार मेरो खिलाफमा एक्काइस दिन उभियो' भनेर गाब्रिएलले घोषणा गर्दछन्, 'तर हेर त, मुख्य राजकुमारहरूको एक राजकुमार मिखाएल मलाई सहायता गर्न आउनुभयो, र म पर्सिया वा फारसका राजहरूसँग रहिरहें' दानिएल १०:१३। परमेश्वरका जनहरूको पक्षमा स्वर्गले गर्न सक्ने सबै काम गरिसकेको थियो। अन्तमा परमेश्वरका जनहरू विजयी भएका थिए र राजा कोरेश वा साइरसको कालभरि शत्रुका शक्तिहरूलाई अंकुश लगाइएको थियो। साढेसात वर्षसम्म राज गर्ने उनका छोरा क्याम्बिससको राज्यकालभरि शत्रुका शक्तिहरूलाई परमेश्वरको जनहरूको विरुद्ध चल्न दिइएको थिएन।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्स*, पृ. ५७१,५७२बाट रूपान्तरित।

## ५. बिजयी राजकुमार

दानिएलको पुस्तकमा अत्यन्तै उल्लेखनीय व्यक्तिको चित्रण गरिएको छ। सुरूमा त्यसलाई "मानिसको पुत्र" (दानिएल ७:१३) भनिएको छ भने अर्को "पवित्र जनहरूको सेना वा राजकुमार" (दानिएल ८:११ रूपान्तरित) भनेर सम्बोधन गरिएको छ। पछि आएर उनको नाउँ "मिखाएल" (दानिएल १०:१२) भनिएको छ, जसको अर्थ "परमेश्वर जस्तो अरू को छ र?" हो। फारसका राजासँगको संघर्षमा गाब्रिएललाई सहयोग गर्न उहाँ आउनुहुन्छ (दानिएल १०:१३)। त्यस स्वर्गको जीवलाई स्वर्गदूतले " तिम्रा राजकुमार मिखाएल " भनेर सम्बोधन गरेका छन् (दानिएल १०:२१)। दानिएलको पुस्तकमा मिखाएर फेरि पछि देखा पर्छन्। त्यसबेला उनी परमेश्वरका जनहरूको पक्षमा उभिने भनेर भनिएको थियो (दानिएल १२:१)। यहूदा ९ अनुसार मिखाएललाई प्रधानदूत वा स्वर्गदूत भनिएको छ। जब मोशाको मृत्युभयो त्यसमाथि शैतानले मेरो भन्दा मिखाएलले उसँग झगाडा गरेका थिए र मोशालाई पुनरुत्थान गरिएको थियो। प्रकाश १२:७ले स्वर्गका सेनाहरूको अगुवा भनेर प्रकट गरिएको छ। उहाँले शैतान र उसँग पतित भएका स्वर्गदूतहरूलाई परास्त्र गर्नुहुन्छ। मिखाएल अरू कोही नभएर येशू ख्रीष्ट हुनुहुन्छ। पर्सिया वा फारस साम्राज्यको उच्च सेनाध्यक्ष थियो जो मानव

जातिको पछाडि आत्मिक शक्ति थियो। त्यसरी नै परमेश्वरका जनहरूको निम्ति मिखाएल हुनुहुन्छ। उहाँ सेनाहरूको प्रमुख हुनुहुन्छ। तिनीहरूको निम्ति आफू अघि सरेर शैतानसँग लड्नुहुन्छ र जगतमा भइरहेको जगतव्यापी युद्धलाई तिनीहरूको निम्ति जित्नुहुन्छ।

**यस जगतव्यापी युद्धमा येशूले कसरी जितेर बिजेता हुनुभयो? हेर्नुहोस् कलस्सी २:१५ "उहाँले प्रधानताहरू र शक्तिहरूलाई निःशस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो, र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो।"**

जब हामी दुष्टका शक्तिहरूको सामना गर्छौं तब हाम्रो सर्वश्रेष्ट बिजेता वा च्याम्पिएन येशूमाथि विश्वास र भरोसा राख्न सक्छौं। आफ्नो सार्वजनिक सेवाकार्य थाल्नुभन्दा अघि येशूले शैतानलाई हराइ दिनुभएको थियो। मरुभूमिमा येशूलाई विभिन्न प्रलोभनमा फसाएर नाश गर्न खोज्दा शैतानमाथि येशूले नै जित्नुभएको थियो। उहाँ अनेकौं दुष्ट आत्माका फौजहरूसँग भिड्नुहुन्छ र उहाँले उहाँका जनहरूलाई अन्धकारको शक्तिबाट छुटाउनुहुन्छ। आफू क्रुसमा मर्ने निधो गर्नुभएको बेलामा पत्रुसले "यसो गर्नुहुन्न" भनेर येशूलाई निराश पार्न खोजेको बेलामा शैतान पत्रुसद्वारा बोलेको थियो र त्यसबेला उहाँले त्यसलाई हप्काउनुभएको थियो। जब येशूले आफ्ना चेलाहरूलाई अन्तिम वचनहरू भन्नुभएको थियो त्यसबेला आफ्नो मृत्यु शैतानसँगको युद्ध भएको घोषणा गर्नुभएको थियो। तर त्यो युद्ध शैतानसँग निर्णायक विजय प्राप्त गरेर अन्त्य हुनेछ भनेर यसरी बोल्नुभएको थियो "३१ अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ। ३२ अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।" ३३ उहाँको मृत्यु कुन प्रकारले हुने हो, सो सङ्केत दिनलाई उहाँले यसो भन्नुभएको थियो।" (यूहन्ना १२:३१-३३)।

कतिपय समयमा हामी यताउति हेर्छौं, सबैतिर खराबै खराब देख्छौं। भ्रष्टै भ्रष्ट, हत्याहिंसा, अनैतिकता, रोगव्याधी, आतङ्क, निराशा, आत्महत्या आदिहरू सर्वत्र फैलिएको हामी देख्दछौं। मानव हाड छाला र रगत नभएको शत्रुले मानव जीवनलाई जताततै निर्दयीतरिकाले आक्रमण गरिरहेको छ। तर यदि हामी येशूको पक्षमा छौं भने जुनसुकै कठिन संग्राम हामीले लड्नुपरेतापनि हाम्रो निम्ति येशूले लड्नुहुन्छ र उहाँ हाम्रो विजयी राजकुमार र स्वर्गको मूल पूजारी भएर हाम्रो पक्षमा खडा हुनुहुनेछ।

यदि हामीले येशूप्रति आस्थाको जीवन बिताइरहेकाछौं भने रोमी ८:३१-३९मा दिइएको प्रतिज्ञा अनुसार हामीले पनि वास्तविकरूपमा विजयी जीवन बिताइरहेका छौं भन्ने अनुभूति कसरी पाउने? हेर्नुहोस्, "३१... यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ? ३२ जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र? ३३ परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, ३४ दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू, हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ। ३५ कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? ३६ यस्तो लेखिएको छ, "तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।" ३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं। ३८ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, ३९ उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।"

**उपसंहारः**

**थप जानकारीः** "'यो फारसका राज्यको राजकुमार मेरो खिलाफमा एक्काइस दिन उभियो' भनेर गाब्रिएलले घोषणा गर्दछन्, 'तर हेर त, मुख्य राजकुमारहरूको एक राजकुमार मिखाएल मलाई सहायता गर्न आउनुभयो, र म पर्सिया वा फारसका राजाहरूसँग रहिरहें' दानिएल १०:१३। परमेश्वरका जनहरूको पक्षमा स्वर्गले गर्न सक्ने सबै काम गरिसकेको थियो। अन्तमा परमेश्वरका जनहरू विजयी भएका थिए र राजा कोरेश वा साइरसको कालभरि शत्रुका शक्तिहरूलाई अंकुश लगाइएको थियो। साढेसात वर्षसम्म राज गर्ने उनका छोरा क्याम्बिससको राज्यकालभरि शत्रुका शक्तिहरूलाई परमेश्वरको जनहरूको विरुद्ध चल्न दिइएको थिएन।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्स,* पृ. ५७२बाट रूपान्तरित।

"स्वर्गको राजालाई दानिएलले देख्न पाउनु उनको निम्ति ठूलो सौभाग्य थियो। थरथर काँपीरहेका आफ्ना सेवकलाई उहाँले सान्त्वना दिनुहुन्छ। उनको प्रार्थना स्वर्गमा सुनियो भनेर उहाँले दानिएललाई आश्वास्त पार्नुभएको थियो। दानिएलको निरन्तर र जोडदार प्रार्थनाको जवाफमा पर्सियाको राजाको हृदयमा काम गर्न स्वर्गदूत गाब्रिएललाई पठाइएको थियो। जब दानिएलले तीन हप्तासम्म उपबास बसेर प्रार्थना गरिरहेका थिए तब परमेश्वरको आत्माको प्रभावलाई वेवास्ता गरिरहेका थिए। तर स्वर्गको मुख्य स्वर्गदूत मिखाएल जो स्वर्गको राजकुमार हुनुहुन्छ, उनलाई हठी राजाको हृदय फर्काउन पठाइएको थियो। त्यसले गर्दा दानिएलको प्रार्थनाको जवाफ दिन केही निर्णायक काम गर्ने पक्षमा उनी गए।"-एलेन जी ह्वाइट, *द सान्क्टिफाइद लाइफ*, पृ. ५१बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. **इसाई इतिहासमा परमेश्वर र शैतानको बीचमा भइरहेको महान् र विवादित युद्ध वा भिषण संघर्षको सत्यलाई देख्न हामी पहिला विश्वासीहरू नभएतापनि हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले "महान् विवादित युद्ध" को विषयबस्तुलाई जोडदार सिकाइरहेकाछौं। हाम्रो पृथ्वीमात्र होइन तर सारा जगत नै ख्रीष्ट र शैतानको युद्धभूमि भएको धारणालाई हामी जनसमक्ष राखिरहेका छौं। यस संसारमा जन्मिने प्रत्येक मानव प्राणी त्यस युद्धमा सहभागि हुन्छ भन्ने कुरालाई पनि हामी विश्वास गर्दछौं। सनातन सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगर्ने मानिसहरूले पनि हामी कुनै न कुनै अदृश्य शक्तिसँग लडिरहेका छौं भनेर स्वीकारीरहेका छन्। येशू र शैतानको बीचमा भइरहेको महान् युद्धमा तपाईंको आफ्नै अनुभव के छ? तपाईंकै जीवनमा त्यो वास्तविकता भएको कसरी पहिल्याउनुभएको छ? तपाईंले के सिक्नुभयो जसले गर्दा संघर्ष गरिरहेका अरूलाई पनि तपाईं सहायता गर्न सक्नुहुन्छ?**

आ. **एफिसी ६:१०-१८ हेर्नुहोस्। पावलले हाम्रो जीवन युद्धमा जाने सेनाहरूको जस्तो छ र सेनाले भिर्ने हतियारहरू आत्मिक रूपमा हामीले पनि भिर्नुपर्छ भनेर उनले हामीलाई कसरी सम्झाउन खोज्छन्? हेर्नुहोस्: "१० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको**

सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। १८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।"

इ. दानिएललाई दुई पल्ट "प्रिय" भनेर सम्बोधन गरिएको छ (दानिएल ९:२३, १०:११)। यसले गर्दा स्वर्ग र पृथ्वीको बीचमा कतिको निकट सम्बन्ध रहेछ भन्ने कुरा कसरी देखाइन्छ? कतिपय नास्तिक वा परमेश्वरको अस्तित्व अस्वीकार गर्नेहरूको बिचारसँग त्यो कुरा कसरी बाझिन्छ? बाइबलमा वा दानिएलकै मामिलामा परमेश्वर हाम्रो नजिक हुनुहुन्छ भन्ने आशाले हामीलाई कसरी संचालन गर्नुपर्दछ?

## कथा ११

## मानव भ्रूण जो मर्न अस्वीकार गर्दछ

### भिक्टोर हलबर्ट

डाक्टरले फुसेइ सुजुकीलाई भने "मलाई दुःख लाग्छ। तपाईंको श्रीमान् धेरै जवान हुनुहुन्छ। तर उनी आजै मर्न्छन् वा भोलि नै जस्ता छन्।" यो समाचारले तरूणी जापानिज आमाको हृदय छियाछिया भयो। उनी पानी लिने निहुँमा नदीमा गएर त्यहीँ हाम्फालेर मर्ने विषयमा सोच्न थालिन् तर त्यसै बखत दुई जना कालो सुट लगाएका मानिसहरू त्यहाँ देखा परे।

फुसैइको दुःख सुनेपछि एक जना मानिसले भने "धैर्यधारण गर्नुस्।" अर्कोले पनि "हो, धैर्यधारण गर्नुपर्छ।" अनि एकै छिनमा ती मानिसहरू त्यहाँबाट हराए।

ती मानिसहरूले दिएको हौशलापछि सुजुकीमा केही साहस आयो। उनी घर फर्किन् र आफ्नो श्रीमानको स्याहारसुसार गर्न थालिन्। उनको श्रीमान् मिट्सुहारू जापानमा किसानी थिए। उनि टी.बी. रोगले ग्रस्त थिए।

फेरी सुजुकी दोस्रो बच्च पाउन गर्भवती भइन्। तर मिट्सुहारूलाई आफ्नी श्रीमतीले आफूबिनै दुई छोराछोरीहरूलाई कसरी पाल्ने होलिन् भन्ने चिन्ता भयो। श्रीमान् र श्रीमतीको बीचमा छलफल भयो। आखिरमा उनकी श्रीमतीले गर्भपतन गर्न मञ्जुर गरिन्। सरकारले पनि तिनीहरूको चाहनालाई अनुमोदन गर्‍यो।

सुजुकीले औषधी पसलबाट गर्भपतन गर्ने कडा औषधी किनिन्। त्यस पसलेले सुजुकीलाई भनिन् कि त्यो औषधी एकदम कडा छ र त्यसले गर्भपतन गरेरै छाड्छ।

"औषधी खादा होसियार हुनुहोस्। डाक्टरले भनेको भन्दा धेरै नखानुहोस्। नत्र भने तपाईंकै जीवन पनि जोखिममा पर्न सक्छ" सतर्क गराउँदै औषधी पसलले भनिन्।

सुजुकीले त्यो औषधीको पहिलो मात्रा खाइन् जसले उनको गर्भलाई पतन गर्दथ्यो। तर उनको गर्भमा भएको भ्रूण चलेको उनले थाहा पाइन्। अनि के गर्ने होला भनेर उनी रून थालिन् "मेरो बच्चा अझै जिउँदै छ!" अर्को दिन पनि उनले फेरि औषधी लिइन् र तेस्रो दिनमा पनि त्यो गर्भपतन गर्ने औषधी खाइन्। तर उनीभित्र भएको भ्रूण वा वच्चा चलि नै रह्यो। अत्यन्तै निराश

भएर उनले चाहिनेभन्दा धेरै अर्थात सबै औषधी उनले पिइन्। तैपनि बच्चा चलेको चलै भयो।

"म त पत्यारै गर्न सक्दिनँ" आफ्नो श्रीमानलाई उनले सुनाइन्।

समय पुगेपछि स्वस्थ्य बालकको जन्म भयो। धेरै महिनापछि सुजुकी र उनको श्रीमान् मिट्सुहारूले सुसमाचार प्रचार सभामा भाग लिए। बालक आकेरीको पहिलो जन्म दिनमा तिनीहरूले बप्तिस्मा लिए।

"तिनीहरूको बप्तिस्माको दिनले मलाई सधैं यो याद दिलाउँछ कि मेरो जीवन बचाउन परमेश्वरले हस्तक्षेप गरि मेरी आमाको गर्भबाट मलाई बचाउनुभयो। मेरा बाबुआमा मेरो गाउँको पहिलो एडभेन्टस्टहरू थिए" अवकाश प्राप्त वयोबृद्ध जापानीज पास्टर अकेरी सुजुकीले भने। उनी नर्थरन एशिया पासिफिक डिभिजनको मुख्य सचिब भएर एडभेन्टिस्ट चर्चमा सक्रिय भएका थिए।

अकिरो कुन अवस्थामा जन्मिए भनेर मेरो आमाले मलाई म तीस वर्ष हुँदा सुनाएकी थिइन्। जब मेरी आफ्नै आमाले मलाई यो कुरा सुनाइन् तब मलाई भयानक धक्का भएको महसुस गरें। ममाथि ठूलो बज्र परेको अनुभव गरें। मेरो पूरै शरीर काँपीरहेको थियो" उनले सुनाए।

परमेश्वरको अत्यन्तै महान् प्रेमप्रति आभारी हुँदै उनले यो सोचे कि म परमेश्वरको अमूल्य उपहार हुँ।

त्यहीँ समयदेखि उनले आफ्नो जीवन परमेश्वरमा पुःन समर्पण गरेका थिए। "मेरो ज्यान बचाउन परमेश्वरले मेरो आमाको गर्भमा हस्तक्षेप गर्नुभयो" परमेश्वरप्रति आभारी हुँदै अकिरोले भने।